"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमकझापा ,

१ नंनेपाल ,प्रदेश .

फोनः ०२३५८००४४-, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.स.०७९/८०
च.नं.१७९८

### बोलपत्र आव्हानको सूचना

(दोश्रा पटक प्रकाशन मिति २०७९/०७/२१)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (च) र १ नं. प्रदेश सरकारको आर्थिक ऐन, २०७९ को दफा ६ मा भएको व्यवस्था बमोजिम आ.व. २०७९/०८० का लागि स्वीकृत IEE प्रतिवेदनको मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन गरी १ नं. प्रदेश सरकारले आर्थिक ऐन, २०७९ मा तोकेको दरमा कर संकलन गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र सहित संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रतुवा खोलाको नदीजन्य सामाग्रीहरुको संकलन, घाटगद्धी एवं बिक्रीका लागि ठेक्का बन्दोबस्त गर्न मिति २०७९/७/१९ गतेको कार्यपालिका बैठकको निर्णयानुसार दोश्रो पटकका लागि सूचना आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक बिद्युतिय बोलपत्र माध्यम ई-बिड मार्फत पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिणाम (घ.मि.) | न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | DMO/JHAPA/RVR/RTWA/12/079/80 | रतुवा खोलाको नदीजन्य सामाग्रीको उत्खनन, संकलन तथा बिक्री कर संकलन **दमक-कमल साझेदार** | ७२८०० | १,०६,६५,१३०/- | कवोल अंकको ५% | ३०००/- |

**शर्तहरु**

१) बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाताले उल्लेखित बोलपत्र दस्तुर रा.बा.बैक दमक स्थित यस नगरपालिकाको आन्तरिक राजश्व खाता हि.नं. २१४०१००३०१०१०००२ मा जम्मा गर्नु पर्नेछ।

२) बिद्युतिय बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईट http:/www.bolpatra.gov.np मा भएको प्रावधान बमोजिम पेश गर्नु पर्नेछ।

३) नियमानुसार पेश भएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम मितिका दिन दिनको १:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) वोलपत्र फाराममा उल्लेखित कवोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य वैक दमक स्थित हि.नं. २१४०१००३०३००००००२ मा जम्मा गरेको वैंक भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले वा यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय वीस) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नु पर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडी धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ।

५) वोलपत्र स्वीकृत भएपछि ७ (सात) दिन भित्र सम्झौताका लागि सम्वन्धित बोलपत्रदातालाई जानकारी गराईनेछ। सभ्फौताका लागि पत्र पाएका मितिले १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्नु पर्ने छ। मनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्का सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ अनुसार कालो सूचीमा राखी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

६) ठेक्काको स्वीकृत भएको रकम एकमुष्ट बुझाएमा सो रकमको बढीमा १०% प्रतिशत सम्म छुट दिन सकिने तर मु.अ.कर भने छुट हुने छैन।

७) स्वीकृत ठेक्काको रकम किस्तामा बुझाउँदा मु.अ.कर सहित ३ (तीन) किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता सम्झाता गर्नु पूर्व र त्यसपछि दोश्रो किस्ताको रकम २०७९ सालको पौष मसान्त भित्र र तेश्रो किस्ता २०७९ फागुन मसान्त भित्र बुझाई सक्नु पर्नेछ। पहिलो किस्ता बुझाई सकेपछि बुझाउन बाँकी रकमको हकमा जमानत वापत नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकवाट २०८० असार मसान्तसम्म अवधि भएको बैक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ।

८) प्रत्येक किस्ता बुझाउदा सो को मूल्य अभिवृद्धि कर साथै बुझाउनु पर्नेछ।

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमकझापा ,
१ नंनेपाल ,प्रदेश .

फोनः ०२३५८००४४-, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.स.०७९/८०
च.नं.१७९८

९) किस्ता रकम बुझाउदा म्याद भित्र वुझाउनु पर्नेछ, म्याद भित्र नवुझाएमा ०.०५ प्रतिशत प्रति दिनका दरले हुन आउने रकम जरिवाना वापत ठेकेदारले बुझाउनु पर्नेछ ।

१०) नियमानुसार ठेक्काको किस्ता रकम र बैक ग्यारेण्टी बुझाए पश्चात ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ ।

११) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१२) दमक नगरपालिकालाई रकम वुझाउनु पर्ने बाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म यस बोलपत्र प्रकृयामा सहभागो गराईने छैन र निजले बोलपत्र पेश गरेमा स्वीकृत गरिने छैन ।

१३) ठेक्का अवधि भर ठेकेदारले आफुखुशी ठेक्का तोडन पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठन गएमा सो कम रकम पनि यसरी ठेक्का तोडने ठेकेदारबाटै सरकारी बाँकी सरह असुल गरिनेछ ।

१४) ठेक्का संचालन अवधि सम्झौता भएको मिति देखि २०८० जेठ मसान्तको हुनेछ । निर्धारित परिमाण बरावरको नदीजन्य सामाग्री उत्खनन भैसकेमा अवधि भन्दा अगावै उत्खनन र संकलन वन्द गरिनेछ ।

१५) खोलाहरुबाट निकालिने निर्माण सामाग्री स्वीकृत प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन (IEE) प्रतिवेदन अनुसारको स्थानमा तोकिए बमोजिमको लम्बाई, चौडाई र गहिराई अनुसारको परिमाण मात्र निर्माण सामाग्री निकाल्नु पर्नेछ ।

१६) दमक नगरपालिकाको स्वीकृती लिएर मात्र हेभी मेसिनरी उपकरण जस्तै स्क्याभेटर, व्याकहालोडर आदि प्रयोग गर्न पाईनेछ । स्वीकृत IEE प्रतिवेदन अनुसार १ मिटर सम्म उत्खनन गर्न पाईने ठाउँमा मात्र हेभि मेशिन प्रयोग गरी नदीजन्य सामाग्री उत्खनन गर्न पाईनेछ। *मेशिन प्रयोग गर्न ३ महिनासम्मका लागि मात्र अनुमति दिईनेछ ।*

१७) महत्वपुर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ । नगरवासीलाई जनस्वास्थ्यमा असर पर्ने गरी नदीजन्य सामाग्री ओसार पसार गर्दा धुलो उडाउने कार्यलाई नियन्त्रण गर्न ठेकेदारले सवारी साधनको स्पीड कम गर्ने, निर्माण सामाग्री छोप्न त्रिपाल अनिवार्य प्रयोगमा ल्याउने र आवश्यकता अनुसार पानी छिटने प्रबन्ध मिलाउनु पर्नेछ ।

१८) खोलाबाट निकालिने नदीजन्य सामाग्री विक्री मुल्य करको ठेक्का संचालन गर्दा कुनै बाधा अवरोध आईपरेमा ठेकेदार स्वंय आफैले मिलाई कर संकलन गर्नु पर्नेछ । यसमा नगरपालिकाले आवश्यक सहजिकरण गर्नेछ ।

१९) कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण देखाई ठेकेदारले कुनै पनि छुट वा मिनाहा दावी गर्न पाउने छैन र त्यस्तो मिन्हा छुट दिन कार्यालय बाध्य हुने छैन ।

२०) तोकिएको परिमाण तथा नाका भन्दा बाहिर गई नदीजन्य सामाग्री निकाल्न पाईने छैन ।

२१) नदीजन्य सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ ।

२२) नदीजन्य सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नु पर्नेछ । स्थानीय स्तरवाट यस सम्बन्धी गुनासा आउन नदिने गरी सम्वन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ, सो वापतको खर्च दावी गर्न पाईने छैन ।

२३) नदिजन्य समाग्री उत्खननका लागि हेभि मेशिनरी उपकरण प्रयोग गर्ने सम्वन्धमा नगरपालिकाले तोकि दिएको स्थान, संख्या र बिन्दुमा मात्र प्रयोग गर्न पाईने छ । मेशिन प्रयोग गर्दा सानो बकेट भएको स्काभेटर मात्र प्रयोग गर्नु पर्नेछ ।

२४) तोकिएको दैनिक परिमाण भन्दा बढि उत्खनन गर्न पाईने छैन । खोलाको पानीको सतह भन्दा गहिरो हुने गरी श्रोत उत्खनन गर्न पाईने छैन ।

२५) वास्तविक भारवहन क्षमता भन्दा बढि ढुवानी गर्न पाईने छैन ।

२६) स्थानीय स्तरका व्यक्तिहरुलाई रोजगारका अवसर सृजना गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

२७) नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन गर्दा उत्खनन गरिने परिमाण निम्नानुसार हुनेछ ।

<u>रतुवा खोला - दमक नगरपालिका र कमल गाउँपालिका साझेदार</u>

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमकझापा ,
१ नंनेपाल ,प्रदेश .

फोनः ०२३५८००४४-, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.स.०७९/८०
च.नं.१७९८

| क्र.सं. | घाट/स्थान | परिमाण घ.मि. |
|---|---|---|
| १ | पिङ्गडाँडा टोल विकास संस्था पूर्वपट्टी | ६००० |
| २ | बालुवाटार | ६००० |
| ३ | सयपत्री/सिरुपाली (नमुना वस्ती पूर्व दक्षिण) | १६८०० |
| ४ | नयाँ रतुवा पुल ५०० मि. दक्षिण चाँजु खोला दोभान उत्तर रतुवा तर्फ | १२५०० |
| ५ | नयाँ रतुवा पुल ५०० मि. उत्तर बिधुवा दोभान दक्षिण | ३१५०० |
| | जम्मा | ७२८०० |

२८) कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफनै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२९) ठेकेदारले नदी जन्य सामाग्रीको स्टक राख्नु पर्ने भएमा दमक नगरपालिकालाई पूर्व जानकारी गराई सम्वन्धित पालिकावाट ईजाजत लिई खोला किनारवाट कम्तिमा ५०० मिटरको दुरीमा राख्न सकिनेछ ।

३०) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार दमक नगरपालिकालाई रहनेछ ।

३१) शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन ।

३२) यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

३३) रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा घाटगद्दी तथा बिक्री सम्वन्धमा नेपाल सरकारवाट स्वीकृत नीति नियमको पूर्व पालना गर्नु पर्नेछ ।

३४) अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।

३५) IEE प्रतिवेदनले तोकेको स्थान/नाकाबाट तोकेको परिमाणमा मात्र संकलन गर्न पाईनेछ । यसरी संकलन गरेको परिमाणको लागत ठेकेदारले प्रत्येक १५/१५ दिनमा दमक नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ । तोकिएको परिमाण भन्दा घटी परिमाणमा नदीजन्य सामाग्री संकलन भएको कारणले कुनै छुट वा मिनाहा माग्न पाईने छैन ।

३६) संकलन गरिने सामाग्रीको प्रदेश सरकारले तोके बमोजिमको दररेट सहितको नगदी रसिद ठेकेदार स्वयंले छपाई सो को बिवरण नगरपालिकामा पेश गरी रसिदहरु छाप लगाएर मात्रै प्रयोग गर्नु पर्नेछ ।

३७) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा ढुंगा, गिट्टी, वालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम र प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

३८) ठेक्का सम्वन्धमा थप जानकारीका लागि कार्यालय समयमा दमक नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

...................................................
शशि राई
प्रमुख प्रशासकिय अधिकृत